दर्ता नं. १७५/२०७८/०७९

तराई-मधेश लोकतान्त्रिक पार्टी

केन्द्रिय कार्यालय
जनकपुरधाम, धनुषा

TERAI-MADHESH DEMOCRATIC PARTY

Central Office
Janakpurdham, Dhanusha, Nepal

चुनाव चिन्ह

पत्र संख्या :-

चलानी नं. :-

मिति : २२/२/२०८०

प्रेस-विज्ञप्ति

संघीय संसदबाट सम्पूर्ण प्रक्रिया पूरा गरी पारित नागरिकता विधेयक, २०७९ को प्रमाणिकरणको विषयलाई लिएर नेकपा एमाले, रास्वपा, राजपा जस्ता दलहरुद्वारा संसदमा भइरहेको गतिरोध र हिजो सर्वोच्च अदालतबाट जारी अल्पकालिन भनिएको अन्तरिम आदेशले मधेशी र थारु जनताहरुलाई पुनः अर्को गम्भीर प्रहार सहितको नमीठो सन्देश दिएको छ ।

संविधानको खुला र ठाडो अपमानपूर्ण अवमानना हुँदा संसदमा बहस समेत नगर्ने राजनीतिक दलहरु संविधान र संवैधानिक संस्थाहरुको निरन्तरतालाई न्यूनिकरण गर्ने गरी संविधान र संसदवादको नाममा निराधार तर्कहरु दिंदै छन् । सार्वभौम जनताको सर्वोच्च प्रतिनिधिसंस्था संसदलाई तत्कालिन राष्ट्रपतिबाट दिइएको अनुचित चुनौती यिनको निमित्त महत्वहीन थियो । पूर्व राष्ट्रपतिद्वारा संविधानको धारा ११३ को उपधारा ४ को खुला उल्लंघन गर्दै प्रमाणीकरण नगरेर कुनै निष्कर्ष समेतमा नपुर्याई थन्काइराखिएको विधेयकलाई, वर्तमान राष्ट्रपतिबाट सो दायित्व पूरा हुने गरी भएको संविधान सम्मत कार्यलाई सबैको न्यायिक आस्था र गरिमाको केन्द्र हुनु पर्ने सर्वोच्च अदालतबाट रोक लगाउने गरी भएको आदेश लामो समयदेखि नागरिकता जस्तो मौलिक र अति आवश्यक अधिकारबाट वंचित जनताको लागि पुनः मरणतुल्य हुन गएको छ । अदालतबाट केही व्यक्तिहरुको अस्वीकार्य सोचलाई बढाबा नहुने गरी आदेशलाई सच्याउने कार्य शीघ्र हुनेछ भन्ने आशा गर्दछौं ।

संविधानको धारा ११३ को उपधारा ४ को खुला उल्लंघन हुँदा संज्ञान समेत नलिएको संविधानको अन्तिम व्याख्याकार र विधिको शासनको संरक्षक अदालतले राष्ट्रपति पदको अविच्छिन्नतालाई व्यक्तिको नामसंग जोडेर हेर्ने तर्क र रीट निवेदनमा मधेशी र थारुहरुप्रति उग्र-सम्प्रदायिक सोचको अभिव्यक्तिलाई प्रश्रय दिनु निन्दनीय र अस्वीकार्य छ ।

सम्माननीय वर्तमान राष्ट्रपतिले राष्ट्रपति पदको अविच्छिन्नता, संविधानको पालना र संरक्षणको प्रमुख कर्तव्यलाई मनन गर्दै संसदबाट विधिपूर्वक पारित र सभामुखबाट प्रमाणित भई प्रमाणिकरणको निमित्त राष्ट्रपति कार्यालयमा पर्खिरहेको तथा प्रमाणिकरणकै निमित्त धारा ६६ को (२) अनुसार मन्त्रीपरिषदको सिफारिस र सम्मति भै आएको विधेयकलाई प्रमाणिकरण गरी संविधान तथा संसदको सर्वोच्चता स्थापित गरी सही बाटोमा ल्याउनुभएको छ । तराई-मधेश लोकतान्त्रिक पार्टी यसको स्वागत र समर्थन गर्दछ ।

तराई-मधेशको भूमि सदैव यहाँका भूमिपुत्र मधेशी र थारुहरुकै रहेको तथ्यलाई हृदयङ्गम नगरी मधेशी र थारुहरुप्रति औपनिवेशिक मानसिकताको प्रभुत्व बढाउन घोषित र छद्म सबै पुनरुत्थानवादी गणतन्त्र बिरोधीहरु

दर्ता नं. १७५/२०७८/०७९

तराई-मधेश लोकतान्त्रिक पार्टी

केन्द्रिय कार्यालय
जनकपुरधाम, धनुषा

TERAI-MADHESH DEMOCRATIC PARTY

Central Office
Janakpurdham, Dhanusha, Nepal

चुनाव चिन्ह

पत्र संख्या :-

चलानी नं. :-

मिति :.....

एकै स्थानमा आएकोबाट मधेशी र थारुहरु बेलामै सचेत हुनु पर्ने बाध्यता र अनिवार्यताप्रति संवेदनशील हुनु जरुरी छ । मधेश र थरुहट आन्दोलनको क्रममा जन्मेका सत्तापिपासुहरुका कारण उत्पन्न स्थितिबाट यस्तो प्रतिगमनोन्मुख अवस्थाले मलजल पाएको तथ्यसंग संवेदित भइ मधेश-थरुहटको सम्पूर्ण आन्दोलनकारी शक्तिहरु, बौद्धिक र सामाजिक नेतृत्वको एकजूटताको निमित्त आगाडि बढ्न पार्टी सबैमा अपील गर्दछ ।

(वृषेशचन्द्र लाल)

केन्द्रीय अध्यक्ष

तराई-मधेश लोकतान्त्रिक पार्टी